सुशासनमा नागरिक सहभागिता कार्यक्रमद्वारा
स्थानीय सुशासन प्रवर्द्धनका लागी तयार गरिएको

# सुशासन डायरी

Funded by
the European Union




INDIVIDUELL MÄNNISKOHJÄLP
SWEDISH DEVELOPMENT PARTNER

Terre des hommes
Helping children worldwide.

पत्राचारका लागि मात्र

# सहकर्मी समाज
# SAHAKARMI SAMAJ


**Central Office**
Kohalpur-10, Banke, Tel. : 977-81-540999
email : info.kohalpur@sahakarmi.org.np
**Head Office**
Birendranagar-10, Surkhet Tel. : 977-83-520376

सुशासनमा नागरिक सहभागिता कार्यक्रमद्वारा
स्थानीय सुशासन प्रवर्द्धनका लागी तयार गरिएको



# सुशासन डायरी

प्रकाशन: **सहकर्मी समाज**

केन्द्रिय कार्यालय : कोहलपुर नगरपालिका-१०, रजेना रोड, बाके, नेपाल
फोन नं. : ९७७-८१-५४००९९, फ्याक्स : ९७७-८१-५४०९९९
ईमेल : ed@sahakarmisamaj.org, Website : www.sahakarmisamaj.org

मुख्य कार्यालय : विरेन्द्रनगर-०९, सुर्खेत, नेपाल, फोन नं. : ९७७-८३-५२०३७८

सर्वाधिकार © सहकर्मी समाज २०७७

सल्लाहकार : अमर बहादुर ऐर,
कार्याकारी निर्देशन सहकर्मी समाज

संकलन तथा सम्पादन : हरिप्रसाद उपाध्याय,
कार्यक्रम संयोजक, सहकर्मी समाज

ISBN :

# सुशासनमा नागरिक सहभागिता कार्यक्रम

**भूमिका :** नेपालमा लामो समयको राजनीतिक संघर्ष, त्याग र बलिदानवाट संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । संघीय संरचना अनुसार अहिले संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारहरु जनतावाट निर्वाचित भएर क्रियाशील रहेका छन् । समग्रमा तीन तहका सरकारहरुको भूमिका नेपालको संविधानमा किटानी गरिएकोछ तर दैनिक जीवनमा आईपर्ने नागरिकहरुका काम कारवाहीलाई ब्यवस्थित गरी सहज रुपमा सरकारी सेवा सुविधाहरु उपलब्ध गराउने काम अहिले पनि सहज बन्न सकिरहेको छैन ।

नेपालको संविधानसंग नबाझिने गरी संघीय सरकार र प्रदेश सरकारले विभिन्न कानूनहरुको निर्माण गर्ने क्रम चलि नै रहेकोछ तर अधिकार सम्पन्न भनिएका स्थानीय सरकारहरुको विभिन्न खालका कार्यविधि कानूनहरु, निर्देशिकाहरु निर्माण गर्ने क्रममा प्रदेश र संघको कानूनका अधिनमा रही कार्यविधिहरु निर्माण गर्नुपर्ने वाध्यताका कारण अहिले पनि स्थानीय सरकारहरु ती कानूनहरुको पर्खाईमा रहेका छन् ।

आम नागरिकहरुको शासन प्रणालीमा अर्थपूर्ण सहभागिता बिना सुशासन सम्भव छैन । तीनै तहका सरकारहरुलाई नागरिकप्रति जवाफदेही, उत्तरदायी र पारदर्शी बनाउनका लागि नागरिकहरु सचेत, संगठीत, अधिकार र कर्तव्य बीचको सन्तुलन अहिलेको आवश्यकता हो । नागरिक र तीनै तहका सरकारहरुका बीचमा निरन्तरको सम्वाद, अन्तरक्रिया र निकट सम्वन्धले मात्रै हाम्रो संघीय शासन प्रणालीलाई सबल बनाउन योगदान गर्दछ ।

तीनै तहका सरकारहरुको बीचमा नियमित सम्वाद, सहकार्य र एकतावद्ध प्रयासलाई जीवन्त बनाउँदै नागरिकहरुको जीवन सहज बनाउनका लागि आवश्यक नीति, कार्यक्रमको निर्माण र तिनको यथोचित कार्यान्वयन आवश्यक छ । यसका लागि तीनै तहका सरकारहरु र नागरिकहरुको उत्तिकै प्रयास र प्रयत्नहरु आवश्यक छन् ।

यीनै सन्दर्भ र आवश्यकता परिपूर्तिको प्रयासका लागि युरोयियन युनियन (इयू) को आर्थिक सहयोग तथा सहकर्मी समाज सुर्खेतको नेतृत्वमा दलित महिला केन्द्र नेपाल, दलित विकास समाज सल्यान, आई एम स्वीडिस डभेलपमेन्ट पार्टनर र टेरे डेस होम्स लगायतका गैर सरकारी संस्थाहरुले कर्णाली

प्रदेशमा सुशासनमा नागरिक सहभागिता कार्यक्रम सञ्चालन गरिरहेकोछ।

यो हाते पुस्तिकाले नागरिक समाज, प्रदेश तथा स्थानीय सरकार,यस परियोजनाका कर्मचारीहरु सबैका लागि उपयोगी हुने विश्वास लिइएकोछ। यस पुस्तिकामा रहेका कमी कमजोरीहरुलाई हटाउनका लागि आउने सकारात्मक पृष्ठपोषणहरुको सधै स्वागत गरिनेछ।

## परियोजना उद्देश्यहरु

- सामुदायिक सुशासन, जवाफदेहिता तथा पारदर्शिता सवलीकरण मार्फत नागरिक तथा स्थानीय सरकार बीच सहभागितामूलक सहयोगात्मक सम्बन्ध स्थापना गर्ने।
- स्थानीय सेवा प्रवाहमा सुधार तथा स्थानीय आवश्यकताहरुलाई सम्बोधन गर्ने नीति, कार्यक्रम निर्माणका लागि स्थानीय सरकार, प्रादेशिक सरकार तथा मन्त्रालयबीच सहकार्य र नियमित सम्बाद स्थापना गर्ने।

## ६०० स्थानीय संगठनः

- महिला, युवा बालबालिका, दलित, अल्पसंख्यक तथा सिमान्तकृत समुदायबाट जम्मा ३१५० जना
- समुदायमा आधारित संगठनबाट ५५७ जना
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधिहरु, सरकारी निकाय तथा सरकारी समितिहरुका सदस्य र प्रतिनिधि गरी ३८७३ जना

## अप्रत्यक्ष लक्षित समूह

- जाजरकोट, कालिकोट र सल्यान जिल्लाका सबै नागरिक विशेष गरी महिला, बालबालिका र युवाहरु ।

## परियोजना कार्यान्वयन क्षेत्रः

- जाजरकोट (४)ः भेरी, शिवालय, जुनीचाँदे र छेड्गाड गाउँपालिकाहरु
- कालिकोट (३)ः खाँडाचक्र, नरहरिनाथ र सान्नीत्रिवेणी गाउँपालिकाहरु

- सल्यान (५): सिद्धकुमाख, कपुरकोट, त्रिवेणी, कालिमाटी र दार्मा गाउँपालिका

## परियोजनाको कार्यान्वयन प्रक्रिया:

**मानव अधिकारमुखी पद्धति:** यो परियोजनाले मानवअधिकारमा आधारित पद्धतिका निम्नलिखित पाँचवटा मुख्य रणनीतिलाई जोड दिएको छ।

१) अधिकार र कर्तव्यको बारेमा आलोचनात्मक चेतनाको विकास गर्ने र सो को माध्यमबाट समुदायको सशक्तीकरण गर्ने,

२) अधिकारवालाहरुलाई संगठित गर्ने, परिचालन गर्ने र उनीहरुले स्थापना गरेका समुदायमा आधारित संस्थाहरुलाई संस्थागत सवलीकरण गर्ने,

३) स्थानीय परिवेश अध्ययन तथा विश्लेषण गर्ने,

४) रणनीतिक पैरवी वकालत गर्ने र

५) उदाहरणीय सेवा प्रवाहको नूनाविकास गर्ने।

## सशक्तीकरण तथा सामाजिक रुपान्तरणको लागि सहजीकरण पद्धतिः

यो परियोजनाले लक्षितवर्गको नेतृत्वमा भईरहेका विकासका क्रियाकलापहरुलाई उत्प्रेरित तथा सहयोग गर्नको लागि सहजकर्ताहरुको समूह बनाउने, सो समूहलाई तालिम र सीप प्रदान गरी समुदायमा परिचालन गर्ने नीति अगिंकार गरेकोछ।

सामाजिक परिवर्तनको प्रक्रियामा योगदान गरि लक्षित वर्गको नेतृत्वमा भईरहेको विकासका क्रियाकलापहरुलाई सहजीकरण गर्न परियोजनाले स्थानीय अभियन्ता, महिला, युवा, वाल समूहका प्रतिनिधी लगायतलाई सहजकर्ताको रुपमा विकास गर्नेछ। यो पद्धतिले पारदर्शी र समावेशी सुशासन स्थापना गर्नमा परिवर्तनका सम्वाहक मानिएका समुदायमा आधारित संस्था र नागरिक समाजको सशक्तीकरण गर्नेछ।

## सुशासन प्रक्रियामा युवाको सहभागिता :

यो परियोजनाले युवामञ्चको निर्माण गरि स्थानीय शासनमा युवाको प्रभावकारी सहभागिता

र परिचालनमा जोड दिन्छ। परियोजना अन्तर्गत, सवैभन्दा पहिले युवाहरुलाई स्थानीय स्तरमा सञ्चालन गर्न सकिने जीविकोपार्जनका कामगर्नमा सहयोग प्रदान गरिनेछ। व्यवसायको सफलतापूर्ण सञ्चालन भएपछि सो व्यवसायको अन्य स्थानहरुमा पनि विस्तारका लागि पैरवी गरिनेछ।

दोस्रो, सुशासन, विषयगत स्थानीय सवालहरु, नेतृत्व विकास, सञ्जालीकरण, पैरवी सीप लगायतका विषयमा युवा तथा उनीहरुको सञ्जालको क्षमता अभिबृद्धि गरिनेछ। तेस्रो, शासन पद्धति सम्वन्धी सूचनामा युवावर्गको पहुँच बृद्धि भई उनीहरुले अरुलाई पनि प्रभावकारी रुपमा सञ्चार गर्न सक्नेछन्।

## सुशासन र पैरवीको लागि सूचना प्रविधिः

यो परियोजनाले स्थानीय सरकार, समुदायमा आधारित संस्थाहरु तथा नागरिक समाजलाई सूचना प्रविधिको व्यापक प्रयोगको लागि आवश्यकता बमोजिम सहयोग गर्नेछ।

स्थानीय निकायहरुमा परम्परागत रुपमा प्रयोग गरिदै आएका सूचना प्रविधिका अतिरिक्त मोवाईल एप तथा वेबसाइटहरु मार्फत स्थानीय सरकारका कानून, नीति, योजना, कार्यक्रमहरु, जनस्तरमा प्रदान

गरिने सेवा तथा सुविधाहरु, सो प्राप्तिगर्ने प्रक्रियाहरु र गुनासो सुनुवाई तथा गुनासो व्यवस्थापनका बारेमा जानकारीहरु समेटिएका हुनेछन् ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा द्वन्द्व संवेदनशील पद्धति :

यस पद्धतिमा रहेर परियोजनाले अवलम्वन गरेका प्रमुख रणनीतिक क्रियाकलापहरु निम्न छन् । स्थानीय सरकारमा लैङ्गिक उत्तरदायी योजना तर्जुमा तथा कार्यान्वयनको लागि क्षमता अभिबृद्धि तथा प्रभावकारी सहजीकरण, समुदायमा आधारित संस्थाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मुलप्रवाहीकरण, सरकारी बजेट तथा कार्यक्रम कार्यान्वयनको लैङ्गिक समानता एवं सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गर्नमा समुदायमा आधारित संस्था, नागरिक समाज र अन्य सरोकारवालाको क्षमता अभिबृद्धि गर्ने आदि रहेका छन् ।

द्वन्द्व संवेदनशील पद्धतिको विषयमा परियोजनाले कसैको हानि नगरौं भन्ने पद्धतिको पालना गर्न, परियोजनाका वाधक र सहयोगी पत्ता लगाउने र जोखिम तथा सरोकारवालाको विश्लेषण गर्दै

काम गर्नेछ। परियोजनाले दाताहरुले अवलम्वन गर्ने गरेको अविभेदको आधारभूत कार्यसञ्चालन निर्देशिकाको पालना गर्नेछ।

## विषयगत क्षेत्रहरु

### १. स्वास्थ्य – (प्रकाश वोहोरा)

#### १.१ संविधानमा स्वास्थ्य सम्बन्धि मुख्य हकहरु:

- ३५. स्वास्थ्य सम्बन्धी हक:
- ३६. खाद्य सम्बन्धी हक:
- ३८. महिलाको हक :
- नेपालको संविधान २०७२ को धारा २२६ अनुसार स्थानीय सरकारले बिभिन्न कानून बनाउन सक्ने अधिकारको व्यवस्था गरे अनुसार स्थानीय तहको आवश्यकतालाई पहिचान गरि स्वास्थ्य तथा शिक्षा नीति बनाउन सकिने।

## १.२ संघिय स्वास्थ्य संरचना

### स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (https://mohp.gov.np)

**संघिय मन्त्रालयका महाशाखा**

- स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन ईकाई
- निति, योजना तथा अनुगमन महाशाखा र गुणस्तर मापन तथा नियमन
- जनसंख्या ब्यवस्थापन तथा स्वास्थ्य समन्वय
- प्रशासन महाशाखा

**केन्द्रहरु:**

- राष्ट्रिय क्षयरोग केन्द्र
- राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण महाशाखा
- राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला
- राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र
- राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र

**बिभाग:**

- राष्ट्रिय क्षयरोग केन्द्र
- स्वास्थ्य सेवा विभाग
- ब्यवस्थापन महाशाखा
- उपचारात्मक सेवा महाशाखा
- परिवार कल्याण महाशाखा

**बिभागः**

- इडीपीमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
- नर्सिंग तथा सामाजिक सुरक्षा महाशाखा

## १.३ संघिय नीतीहरु

### मुख्य नीति, रणनिती तथा योजनाहरुः

- नेपाल स्वास्थ्य नीति २०७६
- नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२-२०७७
- बहुक्षेत्रिय पोषण योजना (2018-2022)
- सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ (2018)
- जन-स्वास्थ्य सेवा ऐन २०७५ (2018)
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को (भ)
- बिपन्न नागरिक उपचार कोष निर्देशिका, २०७५

- स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा समन्धी कार्यविधि २०७५ ( प्रथम संसोधन २०७६)

## १.४ प्रादेशिक संरचना (http://mosd.karnali.gov.np)

**सामाजिक विकास मन्त्रालय**


✓ स्वास्थ्य सेवा महांशाखा

- ➢ चिकित्सा सेवा शाखा
- ➢ जनस्वास्थ्य शाखा

## १.५ प्रादेशिक नीतिहरु

**स्वास्थ्य नीति २०७६**

## १.६ स्थानिय संरचनाहरु




## १.७ स्थानिय नीती तथा प्रावधानहरु

### १.७.१ स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समिति: प्राथमिक स्वास्थ्य सेवाकेन्द्र सञ्चालन तथा ब्यवस्थापन समिति: (७ सदस्यीय)

| | | |
|---|---|---|
| १. | महा/उप/नगरपालिका प्रमुख /गाउँपालिकाका अध्यक्ष | संरक्षक |
| २. | महा/उप/नगरपालिका/गाउँपालिकाभित्र पर्ने प्राथमिक स्वास्थ्य केन्द्रमा अवस्थित वडाको प्रमुख | अध्यक्ष |
| ३. | समितिले मनोनित गरेको निर्वाचित वडा महिला सदस्यहरुमध्येबाट एक जना महिला | उपाध्यक्ष |
| ४. | प्राथमिक स्वास्थ्य सेवा केन्द्र रहेको क्षेत्रको विद्यालयका प्रमुख/ प्राचार्य/मध्ये बाट एकजना महिला | सदस्य |
| ५. | स्थानिय व्यापार संघको प्रतिनिधि एक जना | सदस्य |
| ६. | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयसेविकाहरु मध्ये बाट एक जना | सदस्य |
| ७. | वडा कार्यालयका अधिकृत | सदस्य |
| ८. | शहरी स्वास्थ्य केन्द्र प्रमुख | सदस्य सचिव |

## स्वास्थ्य आमा समुह

- समुदायकोसहभागितामास्थानियस्वास्थ्यसंस्थारस्थानीयनिकायद्वाराहरेकवडामासम्बन्धित वडामा बसोबास गर्ने प्रजनन उमेरका इच्छुक सबै महिलाहरु समावेश गरी स्वास्थ्य आमा समूहको गठन गरिन्छ।
- हिमाली जिल्लामा कम्तीमा ११ जना
- पहाडी जिल्लामा कम्तीमा १५ जना
- तराई जिल्लामा कम्तीमा २१ जना सदस्य

## १.८ गाउँ/नगर पालिका अन्तर्गतका सेवा प्रदायक निकाय र प्रमुख सेवाहरु

- १५ बेडको अस्पताल
- प्राथमिक स्वास्थ्य केन्द्र,

- स्वास्थ्य चौकी
- स्वास्थ्य चौकी (प्रसुति गृह भएको)
- स्वास्थ्य चौकी (प्रसुति गृह नभएको) साम
- सामुदायीक स्वास्थ्य इकाई
- शहरी स्वास्थ्य केन्द्र
- गाउँघर क्लिनिक
- खोप केन्द्र
- महिला सामुदायीक स्वास्थ्य स्वयंसेविका
- स्वास्थ्य आमा समुह

## प्रमुख सेवाहरु

| • उपचारात्मक सेवाः | • प्रवर्द्धनात्मक सेवाः | • प्रतिकारात्मक सेवा |
|---|---|---|
| रोग लागिसकेपछि रोग निको पार्न दिइने सेवालाई उपचारात्मक सेवा भनिन्छ। रतन्धो भएकोलाई भिटामिन ए क्याप्सुल दिई उपचार गर्नु, ज्वरोमा सिटामोल दिनु र निदान पछि अन्य औषधि दिनु आदि। | खानपान र जीवन शैलीमा सुधार ल्याई भविष्यमा रोग लाग्नबाट बचाउन दिइने सेवा (जस्तैः परामर्श, आहार/विहार) लाई प्रवर्द्धनात्मक सेवा भनिन्छ। भिटामिनयुक्त खाना खानु पर्छ भन्ने सन्देश दिनु स्वास्थ्य प्रवर्द्धन हो, | रोग लाग्नबाट बचाउन रोग लाग्नुभन्दा अगाडि नै दिइने सेवालाई प्रतीकारात्मक सेवा भनिन्छ । खोप सेवा, भिटामिन ए क्याप्सुल वितरण। |

## स्वास्थ्य चौकीबाट प्रदान गरिने सेवाहरुः

१. परिवार नियोजन सेवा
२. खोप सेवा
३. पोषण सेवा
४. झाडापखाला
५. श्वासप्रश्वास सेवा
६. सुरक्षित मातृत्व
७. औलो तथा कालाजार
८. क्षयरोग नियन्त्रण कार्यक्रम
९. कुष्ठरोग नियन्त्रण कार्यक्रम
१०. एड्स/एस.टि.डि. सेवा
११. महामारी तथा दैवी प्रकोप नियन्त्रण कार्यक्रम
१२. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम
१३. वातावरणीय सरसफाइ कार्यक्रम
१४. परामर्श सेवा
१५. प्राथमिक स्वास्थ्य सेवा गाउँघर  क्लिनिक कार्यक्रम
१६. महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम
१७. आपूर्ति सेवा
१८. उपचार सेवा
१९. प्रेषण सेवा

- सुरक्षित मातृत्व - स्वास्थ्य संस्थामा प्रसूति सेवा उपलब्ध हुन्छ। औषधि तथा सामग्री - ३५ (+३) oxytocin, MgSO4 आदी।
- परिवार नियोजन - कण्डम, डिपो, पिल्स, ईप्लान्ट

## स्वास्थ्य आमा समूहले प्रदान गर्ने सेवाहरु

- गाउँघर क्लिनिक तथा अन्य स्वास्थ्य कार्यक्रम र अभियानमा सहयोग पुर्याउने
- गर्भवती, सुत्केरी, नवजात शिशु, ५ वर्ष मुनिका बच्चा आदिको तथ्याङ्क अध्यावधिक राख्न म.स्वा.स्व.से.लाई मदत गर्ने।
- रिक्त रहेका म.स्वा.स्व.से.को ठाँउमा नयाँ छनोट गर्ने
- स्वास्थ्य आमा समुहको बैठकमा नियमित रुपमा भाग लिने।
- गर्भवती, परिवारनियोजन, सुत्केरी, नवशिशु, स्याहार, झाडापखाला वा निमोनिया आदि विषय वस्तु बारे म.स्वा.स्व.से.बाट जानकारी लिएर स्वास्थ्य व्यवहार अपनाउने।

- महिला स्वास्थ्य स्वयं सेविका कोष आकस्मिक उपचारका लागि सदुपयोग गर्ने
- वर्षमा एक पटक महिला स्वास्थ्य स्वयं सेविकाको कामको समीक्षा गरि स्थानीय स्वास्थ्य संस्थालाई जानकारी गराउने।
- बैठक प्राप्त ज्ञान र सीपबारे लक्षित आमाहरुसम्म पुर्याउन जिम्मेवारी बाँड्ने।
- बैठकमा स्रोत व्यक्तिहरुलाई आमन्त्रण गरी नयाँ स्वास्थ्य बिषयमा छलफल गन

## २. खानेपानी तथा सरसफाई – (प्रविन वास्तोला)

### २.१ संबिधानमा खानेपानी तथा सरसफाई

नेपालको संविधान २०७२ मा खानेपानी तथा सरसफाई सम्बन्धी व्यवस्था

संविधानको भाग-३, धारा ३५ को उपधारा (४) बमोजिम : प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।

## २.२ संघिय संरचना


### खानेपानी मन्त्रालय (https://mows.gov.np)

- ✓ मन्त्रालय अन्तर्गतका निकायहरु
- ✓ खानेपानी तथा ढल निकास विभाग
- ✓ मेलम्ची खानेपानी विकास बोर्ड
- ✓ परियोजना कार्यान्वयन निर्देशनालय
- ✓ काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड
- ✓ नेपाल खानेपानी संस्थान
- ✓ काठमाडौं उपत्यका खानेपानी लिमिटेड
- ✓ ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समिति
- ✓ खानेपानी महसुल निर्धारण समिति

## २.३ संघिय नीतीहरु

| ऐन | नियमावली | मापदण्ड, निर्देशिका तथा मार्गदर्शन | योजनाहरू |
|---|---|---|---|
| • पानी कर ऐन, २०२३<br>• जलस्रोत ऐन, २०४९<br>• वातावरण संरक्षण ऐन, २०५३<br>• फोहरमैला व्यवस्थापन ऐन, २०६८ | • जलस्रोत नियमावली, २०५०<br>• वातावरण संरक्षण नियमावली, २०५४<br>• खानेपानी नियमावली, २०५५<br>• फोहरमैला व्यवस्थापन नियमावली, २०७० | • राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२<br>• खानेपानी सेवा सञ्चालन निर्देशिका, २०६९<br>• पूर्ण सरसफाइ मार्गदर्शन, २०७३ | • राष्ट्रिय जल योजना, २०६२<br>• सरसफाइ तथा स्वच्छता गुरु योजना, २०६८<br>• क्षेत्रगत विकास योजना (मस्यौदा) |

## २.४ प्रादेशिक संरचना




## २.५ प्रादेशिक नीतीहरु

प्रदेश स्तरमा प्रदेश सरकारबाट पारित नीति तथा कार्यक्रमहरु, जस्तै कर्णाली प्रदेश सरकारको “**एक घर एक धारा**” नीति ।

## २.६ स्थानिय संरचना

स्वास्थ्य वा खानेपानी तथा सरसफाइ शाखा/इकाई

खानेपानी, सरसफाई तथा स्वच्छता समितिहरु

खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु

## २.७ स्थानिय नीतीतथा प्रावधानहरु

### २.७.१ स्थानीय नीतीहरु

स्थानीय तहमा तर्जुमा भएका खानेपानी, सरसफाई, फोहर व्यवस्थापन सम्बन्धी नीतिहरु, जस्तै स्वास्थ्य तथा सरसफाई नीति, खानेपानी सरसफाई र फोहर व्यवस्थापन कार्यविधि आदि ।

### २.७.२ पूर्ण सरसफाई कार्यक्रम

पूर्ण सरसफाइ अन्तर्गत सफा र स्वच्छ क्षेत्र एवं पूर्ण सरसफाइ उन्मुख क्षेत्रको अनुगमन वा उक्त क्षेत्रको

अवस्थाको लेखाजोखा, घोषणा एवं प्रमाणीकरणको अनुमोदन प्रकृया अवलम्बन गर्दा निम्न लिखित मुख्य सूचकहरुलाई आधार मानी गरिने छ।

पूर्ण सरसफाइका ७ (६+१) सूचकहरू

१.योजना तर्जुमा तथा व्यवस्थापन

२. चर्पीको समुचित प्रयोग

३. व्यक्तिगत सरसफाइ

४. सुरक्षित पानीमा पहुँच तथा प्रयोग

५. सुरक्षित खानाको प्रयोग

६. घरायसी एवं संस्थागत सरसफाइ

७. वातावरणीय सरसफाइ

## २.८ गाउँ/नगर पालिका अन्तर्गतका सेवा प्रदायक निकाय र प्रमुख सेवाहरु

### २.८.१ नगर र गाँउपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समिति

अध्यक्षः नगर र गाँउपालिका प्रमुख

सदस्य सचिवः प्रमुख प्रशासकीय अधिकृत र खानेपानी तथा सरसफाई शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुख

सदस्यहरुः स्वास्थ्य सुविधा प्रदायकहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु, वन उपभोक्ता समुहहरु, विकास साझेदारहरु, खानेपानी तथा सरसफाई सम्बन्धी उपभोक्ता समितिहरु, टोल सुधार समितिहरु, बाल क्लब, महिला स्वास्थ्य स्वयंसेवकहरु, प्रधानाध्यापक तथा प्राचार्यहरु, विध्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, महिला समुहहरु, लघुकर्जा संस्थाहरु, स्थानीय सञ्जालहरु आदि ।

### २.८.२ वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समिति

अध्यक्षः वडा अध्यक्ष

सदस्य सचिवः वडा सचिव

सदस्यहरुः स्वास्थ्य सुविधा प्रदायकहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु, वन उपभोक्ता समुहहरु, विकास साझेदारहरु, खानेपानी तथा सरसफाई सम्बन्धी उपभोक्ता समितिहरु, टोल सुधार समितिहरु, बाल क्लब, महिला स्वास्थ्य स्वयंसेविकाहरु, प्रधानाध्यापक तथा प्राचार्यहरु, विध्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, महिला समुहहरु, लघुकर्जा संस्थाहरु, स्थानीय सञ्जालहरु आदि ।

### २.८.२ खानेपानी तथा सरसफाई उपभोक्ता समिति

समुदायमा खानेपानी, सरसफाईको सेवा प्रदान गर्न समुदायकै व्यक्तिहरुको सहभागितामा गठन भएको स्थानीय समितिलाई खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा लिन सकिन्छ। यस्तो समिति

कुनै खानेपानी योजना विशेषलाई केन्द्रित गरेर वा कुनै समुदायलाई लक्षित गरी गठन भएको हुन्छ ।

उल्लेखित समितिहरुबाट प्रदान गरिने सेवा र जिम्मेवारी

सबै समितिहरुको अन्य संस्था वा कार्यालय जस्तै छुट्टै कार्यालय र कर्मचारी नहुने र आवश्यकता अनुसार सुचनाको आधारमा भेटघाट, छलफल, बैठक गर्ने र आवश्यक जिम्मेवारी निर्वाह गर्ने निकाय भएको हुनाले सेवा प्रदानमा विशिष्टिकरण र एकरुपता पाईदैन, तथापि खानेपानी र सरसफाई सम्बन्धी कुनै पनि प्रकारको सेवा लिनु परेमा उल्लेखित समितिहरुबाट वासमिति मार्फत वडा, पालिका कार्यालयहरुबाट सेवा लिन सकिनेछ । यस बाहेक उल्लेखित समितिहरुको आ–आफ्नो क्षेत्रमा खाने पानी र सरसफाईमा निम्ती निम्नानुसारका जिम्मेवारी पनि रहन्छन् ।

- आफ्नो क्षेत्र भित्रका खानेपानी तथा सरसफाई सम्बन्धी रुपरेखा तयार गरी लेखाजोखा तथा अध्यावधिक गर्ने ।
- विध्यमान व्यवधानहरुलाई न्युनिकरण गर्न सरसफाई सम्बन्धी चुनौतीहरु र सो सम्बन्धी अपनाईएका रणनीतिहरुको विश्लेषण गर्ने ।

- सरसफाई प्रवर्धन सम्बन्धी क्रियाकलापहरु तथा सो को लागि आवश्यक बजेट सहितको अल्पकालीन र दीर्घकालीन योजना बनाई उत्तरदायित्व सहितको संयुक्त कार्ययोजना तयार पार्ने र कार्यान्वयन गर्ने ।
- नियमित अनुगमन गर्न अनुगमन टोली गठन गर्ने र समुदाय तथा विध्यालयहरुलाई प्राविधिक सरसल्लाह तथा सहयोग उपलब्ध गराउने ।
- निर्वाधरुपमा कार्यक्रमहरुको सरल कार्यान्वयनको निमित्त समिक्षा बैठक लगायत अनुगमन क्रियाकलापहरु संचालनरआयोजना गर्ने ।
- पूर्ण सरसफाई सम्बन्धी रणनितिक योजना र कार्ययोजना तथा बजेटलाई नगर र गाँउ परिषदबाट पारित गराउने ।
- आवश्यक सुचना र निर्णयको परस्पर आदानप्रदानको लागि समन्वय गर्ने ।

# ३. शिक्षा

– (सुनीता गुरुङ्ग)

## ३.१ संबिधानमा शिक्षा

- धारा ३१ शिक्षा सम्बन्धी हक बुंदा १ देखी ५ सम्म
- धारा ३९ मा वालवालिकाको हक:बुंदा २, ३ र ७ मा
- धारा ४० मा दलितको हक:

  (२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ।

- धारा ४२ सामाजिक न्यायको हक:

  (२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष

अवसर तथा लाभ पाउने हक हुनेछ।

- संविधानको अनुसुचि ५, ६, ८ मा उल्लेखित शिक्षा सम्बन्धि संघ, प्रदेश र स्थानिय तहका एकल आधिकारको विस्तृतिकरण
- संविधानको अनुसुचि ९ मा उल्लेखित शिक्षा सम्बन्धि संघ, प्रदेश र स्थानिय तहका साझा आधिकारको विस्तृतिकरण

## ३.२ संघिय संरचना

**शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय** (https://moe.gov.np/) **अर्न्तगत**

✓ विद्यालय शिक्षा महाशाखा

- प्रारम्भिक बालशिक्षा तथा विद्यालय पोषण शाखा
- विद्यालय शिक्षा शाखा
- वैकल्पिक तथा निरन्तर शिक्षा शाखा

✓ प्राविधिक तथा व्यवसायिक शिक्षा महाशाखा

- प्राविधिक शिक्षा शाखा

✓ उच्च शिक्षा महाशाखा

- उच्च शिक्षा शाखा
- छात्रवृत्ति शाखा

## विभाग, केन्द्र तथा शाखाहरु

### १. शिक्षा तथा मानवस्रोत विकास केन्द्र (https://doe.gov.np/) अर्न्तगत

✓ शैक्षिक योजना तथा शिक्षा विकास महाशाखा

- प्रारम्भिक बालविकास शाखा
- विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा

✓ शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखा

- पाठ्यक्रम तथा सामाग्री शाखा
- अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखा
- समावेशी शिक्षा शाखा

**२. पाठ्यक्रम विकास केन्द्र** (https://moecdc.gov.np/) **अर्न्तगत**

**३. शैक्षिक जनशक्ति विकास केन्द्र** (https://nced.gov.np/) **अर्न्तगत**

**४. राष्ट्रिय परिक्षा बोर्ड** (https://neb.gov.np/) **अर्न्तगत**

**५. शिक्षा विकास समन्वय ईकाई (पूर्व जिल्ला शिक्षा कार्यालयहरु**

## ३.३ संघिय नीती तथा ऐन

| ऐन | नीति | नियमावली | कार्यविधि, निर्देशिका, मापदण्ड | योजनाहरू |
|---|---|---|---|---|
| अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धि ऐन, २०७५ | राष्ट्रिय शिक्षा नीति २०७६<br>राष्ट्रिय समता रणनीति २०१४ (Consolidated Equity Stramtegy 2014)<br>दिगो विकास लक्ष्य २०३० | शैक्षिक नियमावली २०७३<br>छात्रवृत्ती सम्बन्धि छैठौ संशोधन नियमावलि २०७४ | विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन कार्याविध २०७४<br>विद्यालयछात्रवृत्ति व्यवस्थापन निर्देशिका २०७४<br>नमूना विद्यालय व्यवस्थापन निर्देशिका २०७४<br>गुनासो सुनुवाई कार्यविधि २०७४<br>सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ | विद्यालय क्षेत्र विकास योजना २०७३/७४ देखि ०७९/०८० |

## ३.४ प्रादेशिक संरचना

**सामाजिक विकास मन्त्रालय** (https://mosd.karnali.gov.np/) **अर्न्तगत**

- ✓ शैक्षिक विकास महांशाखा
  - ➢ शैक्षिक विकास तथा परीक्षा व्यवस्था महांशाखा
  - ➢ प्राविधिक तथा परीक्षा व्यवस्था शाखा
  - ➢ प्राविधिक तथा व्यवसायिक शिक्षा शाखा
  - ➢ विशेस तथा उच्च शिक्षा शाखा
- ✓ सामाजिक विकास कार्यालय (प्रत्येक जिल्लामा)

## ३.५ प्रादेशिक नीतीहरु

### कर्णाली प्रदेश नीति तथा कार्यक्रम २०७६/७७

- ✓ बुंदा नं १५.३, १६.१, १९.४, १९.६, १९.८, १९.९

### प्रदेश सरकारका प्रमुख काम तथा कर्तव्यहरु

- ✓ शिक्षाको प्रादेशिक नीति, कानुन, मापदण्ड निर्धारण, कार्यौन्वयन र नियमन
- ✓ प्रदेशस्तरमा विद्यालय तहको पाठ्यक्रम एवं पाठ्यपुस्तक निर्माण र उत्पादन
- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रादेशिक नीति, पाठ्यक्रम र पाठ्य सामाग्री निर्माण, कार्यान्वयन र नियमन
- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रादेशिक नीति, मापदण्ड र नियमन
- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको छात्रवृत्ति व्यवस्थापन
- ✓ विद्यालय तह शिक्षकको सेवा शर्त, योग्यता र संक्षमताको प्रदेशस्तरमा मापदण्ड निर्धारण एवं नियमन

- ✓ माध्यमिक तहको शिक्षकको सेवा शर्त, योग्यता र संक्षमताको प्रदेशस्तरमा मापदण्ड निर्धारण एवं नियमन
- ✓ माध्यमिक तह कक्षा १०को परिक्षा व्यवस्थापन
- ✓ उच्च शिक्षाको छात्रवृत्ति व्यवस्थापन
- ✓ प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्यांक व्यवस्थापन

## ३.६ स्थानिय संरचना

- ✓ गाँउपालिका अर्न्तगत शिक्षा शाखा
- ✓ नगर/गाउं शिक्षा समिती
- ✓ वडा शिक्षा समिती
- ✓ विद्यालय व्यवस्थापन समिती
- ✓ शिक्षक अभिभावक संघ

## ३.७ स्थानिय नीती तथा प्रावधानहरु

| ऐन | नियमावली | कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|---|
| शिक्षा ऐन | शैक्षिक नियमावली<br><br>छात्रवृत्ती सम्बन्धि नियमावली | शैक्षिक गुणस्तार व्यवस्थापन कार्यविधि/शैक्षिक व्यवस्थापन कार्यविधि/शिक्षा सम्बन्धि कार्यविधि<br><br>छात्रवृत्ति सम्बन्धि कार्याविध<br><br>नमूना विद्यालय सम्बन्धि कार्याविधि<br><br>गुनासो सुनुवाई कार्यविधि २०७४<br><br>दिवा खाजा कार्यक्रम सम्बन्धि कार्यविधि |

## ३.८ जिल्ला, गाउँ/नगर पालिका अन्तर्गतका सेवा प्रदायक निकायहरु र प्रमुख काम कर्तव्यहरु

| सेवा प्रदायक निकायहरु | प्रमूख काम कर्तव्यहरु |
|---|---|
| गाउँ /नगर पालिका अर्न्तगत शिक्षा शाखा | • प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक (गुरुकुल, मदरसा, गुम्बा आदि) एवम् निरन्तर सिकाई तथा विशेष शिक्षा सम्बन्धि नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको यृजना तर्जुमा, संचालन, अनुमति र नियमन<br>• पाठ्यक्रम र पाठ्य सामाग्री वितरण र कार्यान्वयन<br>• विद्यालय शिक्षक एवम कर्मचारीको व्यवस्थापन |

| सेवा प्रदायक निकायहरु | प्रमुख काम कर्तव्यहरु |
|---|---|
| गाउँ /नगर पालिका अर्न्तगत शिक्षा शाखा | • प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रादेशिक नीति, मापदण्ड र नियमन<br>• शैक्षिक पूर्वाधार निर्माण र मर्मत संभार<br>• आधारभूत तह कक्षा ८ को परिक्षा संचालन<br>• विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र व्यवस्थापन<br>• शैक्षिक परार्मश सेवाको अनुमति तथा नियमन<br>• स्थानिय तहको शैक्षिक ज्ञान, शिप र प्रविधि संरक्षण, प्रवर्द्धन र स्तरीकरण<br>• स्थानिय पुस्तकालाय र वाचनालय संचालन तथा व्यवस्थापना<br>• माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन |

| सेवा प्रदायक निकायहरु | प्रमूख काम कर्तव्यहरु |
| --- | --- |
| गाउँ /नगर शिक्षा समिती | • शिक्षा शाखावाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागी कार्यपालिकामा पेश गर्ने<br>• गाउँपालिका र नगरपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आबस्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,<br>• नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने, |

| सेवा प्रदायक निकायहरु | प्रमूख काम कर्तव्यहरु |
|---|---|
| गाउँ /नगर शिक्षा समिती | • शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना वमोजिम आवश्यक कार्यक्रम बनाउने,<br>• विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,<br>• शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,<br>• आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहार को गुणस्तर तोक्ने ।<br>• विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने । |

| सेवा प्रदायक निकायहरु | प्रमूख काम कर्तव्यहरु |
|---|---|
| गाउँ /नगर शिक्षा समिती | • गाउँ नगर क्षेत्र भित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्यांक संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने ।<br>• विद्यालय सुधार तथा बिकासका लागि नीति निर्देशन गर्ने |
| वडा शिक्षा समिती | • आफ्नो वडा भित्रका विद्यालयको नियमित अनुगमन तथा मूल्यांकन गर्ने ।<br>• विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागी गाँउ शिक्षा समिती, स्थानिय सरोकारवालाहरुसंग मिली आवश्यक कार्य गर्ने ।<br>• विद्यालय सुधार तथा विकासका लागि विद्यालय तथा गाँउ शिक्षा समितीलाई आवश्यक नीति, योजना निर्माणका लागि सुझाव दिने । |

| सेवा प्रदायक निकायहरु | प्रमूख काम कर्तव्यहरु |
|---|---|
| विद्यालय व्यवस्थापन समिती | • विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,<br>• विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,<br>• विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,<br>• शिक्षक, विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,<br>• गाउँपालिका वा नगरपालिकावाट तोकिएको लेखा परीक्षक मार्फत लेखा परीक्षण गराउने ,<br>• विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन तर्फ उत्प्रेरित गर्ने व्यवस्था मिलाउने |

| सेवा प्रदायक निकायहरु | प्रमूख काम कर्तव्यहरु |
|---|---|
| विद्यालय व्यवस्थापन समिती | • विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,<br>• स्थानीय तहसँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,<br>• विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा स्थानीय तह तथा स्थानीय शिक्षा शाखा मार्फत गर्ने,<br>• विद्यालयको विपद, जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनिकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,<br>• विद्यालयको पढाई व्यवाहारिक, सीपमूलक, र स्तरीय बनाउन प्रतिस्पर्धी तथा सहयोगी भूमिका खेल्ने, |

| सेवा प्रदायक निकायहरु | प्रमूख काम कर्तव्यहरु |
|---|---|
| विद्यालय व्यवस्थापन समिती | • प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा सार्वजनिक परीक्षण गराउने,<br>• विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधी हरुले राखेको दृष्किोण निर्णय पुस्तिकामा उल्लेख गर्ने । |
| शिक्षक अभिभावक संघ | • विद्यालयमा शिक्षणको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,<br>• शिक्षा नियमावली बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने, |

| सेवा प्रदायक निकायहरु | प्रमूख काम कर्तव्यहरु |
|---|---|
| शिक्षक अभिभावक संघ | • विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावक बीच नियमित अन्तरक्रिया गर्ने । |

# ४. कृषि तथा पशुपालन

– (केशव दाहाल)

## ४.१ संबिधानमा कृषि

धारा ३६, खाद्य अधिकार सम्बन्धि हकको बुँदा १ देखि ३ सम्म।

धारा ४२, सामाजिक न्याय सम्बन्धि हकको बुँदा ४

धारा ५१, राज्यका नितीहरु बुँदा ङ का १ देखि ५, बुँदा ञ को ६

## ४.२ संघिय संरचना

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय(https://www.moald.gov.np/)

### विभागहरु

- कृषि विभाग

❖ पशु सेवा विभाग

❖ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

## अन्य परिषद, कोष, तथा बोर्डहरु

❖ नेपाल कृषि अनुषन्धान तथा विकास कोष

❖ नेपाल पशु चिकित्सा परिषद

❖ चिया तथा कफि विकास बोर्ड

❖ कफि विकास समिती

❖ कालीमाटी फलफुल तथा तरकारी विकास समिति

❖ चन्द्रडाँगी बिउविजन तथा दुग्ध विकास समिति

## ४.३ संघिय नीतीहरु

१) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि ऐन, २०७५

२) पशु स्वास्थ्य तथा पश सेवा ऐन २०५५

३) राष्ट्रिय कृषि वन नीति, २०७६

४) पशुस्वास्थ्य तथा पशुसेवा नियमावली २०५६

५) कृषिमा युवा कार्यक्रम संचालन प्रक्रिया, २०७६

६) उद्यमी किसान र वेरोजगार युवका लागि आवासिय कृषि तालिम कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५

७) बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलग्ध गराउने निर्देशिका, २०७०

८) कृषि विकास रणनिती

९) भुमि सम्बन्धी (आठौं संशोधन) ऐन, २०७६

## ४.४ प्रादेशिक संरचना

✓ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (http://molmac.karnali.gov.np)

**महाशाखाहरु**

- कृषि विकास महांशाखा
  - विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा
  - अर्गानिक खेती प्रबर्धन तथा जैविक विविधता शाखा
  - कृषि/पशुपंक्षी व्यवसाय प्रवर्धन तथा बजार विकास शाखा

- पशुपंक्षी विकास महांशाखा
  - पशुपंक्षी विकास तथा उत्पादन शाखा
  - पशु स्वास्थ्य तथा नियमन शाखा

- योजना महाशाखा
    - योजना अनुगमन तथा तथ्याकं शाखा
    - निती अनुशन्धान तथा मापदण्ड समन्वय शाखा

- भूमि ब्यवस्था तथा भूमि श्रोत नक्साकंन महाशाखा
    - भूमि सुधार, जग्गा प्रसासन तथा बसोबास ब्यवस्थापन शाखा
    - भू-सुचना प्रविधि तथा भू उपयोग योजना शाखा

**अन्य निर्देशनालय, तालिम केन्द्र, प्रयोगशाला**

- भूमि ब्यवस्था तथा सहकारी रजिष्टारको कार्यालय
- कृषि तथा पशुपंक्षी ब्यवसाय प्रवर्धन प्रशिक्षण केन्द्र

- एकिकृत कृषि प्रयोगशाला
- कृषि विकास निर्देशनालय
- पशुपंक्षी विकास निर्देशनालय

## ४.५ प्रादेशिक नीतीहरु

१) व्यवसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि ब्याज अनुदान कार्यविधि २०७६
२) अर्गानिक मिसन कार्यक्रम संचालन निर्देशिका २०७६
३) चक्ला वन्दी खेती प्रोत्साहान कार्यक्रम कार्यविधि २०७६
४) लक्षित वर्ग अर्गानिक कृषि प्रर्वदर्धन कार्यक्रम कार्यविधि २०७६
५) हाईटेक नर्सरी कार्यविधि, २०७५
६) लागत सहभागितामा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
७) कृषि पकेट क्षेत्र सञ्चालन कार्यविधि, २०७५

## ४.६ स्थानिय संरचना

कृषि तथा पशु सम्बन्धि स्थानिय संरचनाहरु के के हुन्छन्

### जिल्ला अन्तर्गत

- सबै जिल्लाका कृषि विकास कार्यालयहरु
- सबै जिल्लाका पशु अस्पताल तथा पशुसेवा कार्यालय

### पालिका अन्तर्गत

- आर्थिक विकास शाखा अन्तर्गत कृषि सेवा केन्द्र
- आर्थिक विकास शाखा अन्तर्गत पशु सेवा केन्द्र
- वडा कार्यालयहरु तथा वडा समितीहरु

## ४.७ स्थानिय नीती तथा प्रावधानहरु

- कृषि तथा पशु सेवा का कार्यक्रमहरु ब्यवस्थापन गर्ने सम्बन्धि नीती र निर्देशिकाकाहरु विभिन्न पालिकाहरुले बनाएका छन् ।

### केहि प्रावधानहरु

- पालिकाका आर्थिक विकास समिती हुन्छ । यसमा नागरिक समाजबाट र कृषक समुह सन्जालबाट प्रतिनिधीहरु हुन्छन् । यस समितीले आर्थिक विकास, कृषि, पशु सेवा सम्बन्धि निती नियम बनाउने काम गर्छ । यस समितीले बार्षिक योजना तथा बजेटमा पनि सल्लाह सुझाव दिन्छ ।
- पालिकाका कृषि तथा पशु सेवा शाखाहरुले आफ्नो कार्यक्षेत्रभित्र कृषि तथा पशु सम्बन्धि विविन्न उत्पादन समुह हरु तथा सहकारीहरु बनाउँछन् ।
- कृषि तथा पशु सेवा कार्यालयहरुले विभिन्न कार्यक्रमहरु बनाउँदा अथवा केहि सुझावहरु लिनु परेमा तिनी समुह, सहकारी तथा तिनीहरुका सजांलहरुबाट सल्लाह सुझावहरु लिन्छ ।

## ४.८ गाउँ/नगर पालिका अन्तर्गतका सेवा प्रदायक निकाय र प्रमुख सेवाहरु

### पालिका अन्तर्गत

- आर्थिक विकास शाखा अन्तर्गत कृषि सेवा केन्द्र
- आर्थिक विकास शाखा अन्तर्गत पशु सेवा केन्द्र
- वडा कार्यालयहरु तथा वडा समितीहरु

### स्थानीय सरकारका प्रमुख सेवाहरु

### स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

१) बजार तथा हाट बजार व्यस्थापन।

२) स्थानीय वस्तहुरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,

३) स्थानीयस्तरका व्यापारीक फर्मको दर्ता, अनुमती, नवीकरण, खारेजी, अनुगमन र नियमन।

४) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान।

५) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य ।

६) स्थानीय स्तरमा जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदुषण र हानीकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन ।

## स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाई

१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिचाई सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन ।

२) स्थानीय कृषि सडक, झोलुङ्गे पूल, पुलेसा, सिचाई र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन ।

३) स्थानीय स्तरमा सिचाई प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नती, अनुगमन र नियमन ।

५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

## कृषि तथा पशुपालन, कृषि उत्पादन ब्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

१) कृषि तथा पशुपालन, कृषि उत्पादन ब्यवस्थापन, पशु स्वास्थ्य सम्बन्धि स्थानिय निती, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, र नियमन।

२) कृषि तथा पशुपन्छि बजार सुचना, बजार तथा हाटबजार पुर्वाधार निर्माण, साना सिचाइ निर्माण, तालिम, प्रबिधि प्रसार, प्राबिधिक टेवा, कृषि सामाग्री आपुर्ति र कृषक क्षमता विकास कार्यक्रमको सन्चालन, अनुगमन र नियमन।

३) कृषि तथा पशुपन्छिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको रोकथाम तथा नियन्त्रण।

४) पशुपन्छि चिकित्सा सेवाको ब्यवस्थापन।

५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण तथा प्रवर्धन।

६) पशु नश्ल सुधार पद्धतिको विकास र ब्यवस्थापन।

७) उच्च मूल्ययुक्त कृषि जन्य वस्तुको प्रर्वधन, विकास तथा बजारीकरण।

८) स्थानीय चरन तथा खर्क विकास र व्यस्थापन।

९) पशु आहारको गुणस्तर नियमन।

१०) स्थानीयस्तरमा पशुपन्छि सम्बन्धी तथ्याङ्कको व्यस्थापन र सूचना प्रणाली।

११) पशुबधशाला र शीत भण्डारणको व्यस्थापन र नियमन।

१२) पशुपन्छि सम्बन्धी बीमा र कर्जा सहजीकरण।

१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्यहरु।

## कृषि प्रसारको व्यस्थापन, सञ्चालन र नियन्त्रण

१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन।

२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यस्थापन र परिचालन।

३) कृषकहरुको क्षमता अभिबृद्धि, प्राविधिक सेवा, टेवा, र सीप विकास र सशक्तीकरण,

४) कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधीहरूको आपूर्ति उपयोग र नियमन।

५) कृषि समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन ।

६) स्थानीय स्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण ।

७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार ।

८) स्थानीय स्तरका स्रोत केन्द्रहरूको विकास र व्यस्थापन,

९) प्राङ्गारिक खेती तथा मलको प्रवर्धन र प्रचार प्रसार ।

१०) कृषि प्रसारको व्यस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कायएहरु ।

## ५. युवा

### ५.१ संबिधानमा युवा

"राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि

शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने ।" नेपालको संविधान, २०७२ (५१ ज ७)

## ५.२ संघिय संरचना

युवा तथा खेलकुद मन्त्रालय (https://www.moys.gov.np/)

राष्ट्रिय युवा परिषद

## ५.३ संघिय नीतीहरु

- स्थानीय सरकार संचालन ऐन २०७४
- राष्ट्रिय युवा नीति २०७२

- राष्ट्रिय युवा परिषद ऐन २०७२
- राष्ट्रिय युवा परिषद नियमावली २०७३
- युवा क्लव गठन तथा युवा सांसद सन्चालन कार्यविधि २०७५

## ५.४ प्रादेशिक संरचना

- सामाजिक विकास मन्त्रालय (http://mosd.karnali.gov.np/)
  - ➢ युवा तथा खेलकुद महांशाखा
    - ❍ युवा तथा खेलकुद शाखा
  - ➢ प्रदेश युवा सांसद (युवा सांसद सन्चालन कार्यविधि २०७५)

## ५.५ प्रादेशिक नीतीहरु

- ➢ युवा सांसद सन्चालन कार्यविधि २०७५ अन्तर्गत प्रदेश युवा सांसदको गठन

## ५.६ स्थानिय संरचना

### ५.६.१ स्थानिय तहको युवा सांसद

### ५.६.२ युवा क्लब

## ५.७ स्थानिय नीतीतथा प्रावधानहरु

### युवा सांसदको गठन प्रक्रिया

क) प्रत्येक स्थानीय तहको वडामा गठन भएको वडाक्लबहरु मध्ये गाउँपालीकाका प्रत्येक वडाबाट तीन तीन जनाका दरले र नगरपालीकाका प्रत्येक वडाबाट न्युनतम् एक जना महिला सहित दुई दुई जनाका दरले सम्बन्धित वडाक्लब कार्यसमीतीले छानी पठाएका वडाक्लबका सदस्यहरु रहेको गाउँ/नगर युवाक्लब सन्जालका साधारण सदस्यहरु रहनेछन् । गाउँ/नगर युवाक्लब सन्ज(ालका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

ख) खण्ड (क) बमोजीमको युवा क्लब सन्जालका साधारण सदस्यहरुल आाफूहरु मध्येबाट एघार सदस्सीय गाउँ/नगर स्तरीय युवा क्लबसन्जाल कार्यसमीती गठन गर्नेछन् ।

ग) खण्ड (ख) बमोजीम गठित गाउँ/नगर स्तरीय युवा क्लबसन्जाल कार्यसमितिमा न्युनतम् पचास प्रतिशत महिला कहित प्राथमीकता र विशेष प्राथमीकता क्षेत्रको समेत प्रतीनीधीत्व हुने गरि युवा प्रतीनीधीहरु रहनेछन् ।

घ) खण्ड (क) बमोजीमका गाउँ/नगर स्तरीय युवा क्लबसन्जालका साधारण सदस्यहरु सबै गाउँ/नगर युवा सांसदका प्रतिनिधी हुनेछन् ।

ङ) खण्ड (घ) बमोजीमका प्रतीनीधीहरुका अतिरिक्त गाउँ/नगर युवा सांसदमा गाउँपालीकाको हकमा बढीमा पाँच जना सम्म र नगरपालीकाको हकमा कढीमा सात जना सम्म गाउँ/नगर युवा परिषदको सिफारिसमा गाउँ/नगरपालीकाले थप युवा प्रतिनिधी मनोनीत गर्नेछ ।

च) स्थानीय युवा सांसको बैठक सञ्चालनको समयमा पर्यवेक्षकको रुपमा स्थानीय तहका सबै जनप्रतिनिधीहरु, सम्बन्धित वडाका संघिय सँसद सदस्य। प्रदेषसभा सदस्य। गाउँ/नगर युवा

परिषदका पदाधीकारीहरु, कार्यालय प्रमुखहरु, विधालयका प्र.अ., स्थानीय संघंसस्थाका प्रमुखहरु तथा युवा सांसदमा प्रतीनीधी हुने युवाका अभिभावकहरु रहनेछन् ।

## युवा क्लब गठन प्रक्रिया

राष्ट्रिय युवा परिषदबाट निर्मित "युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि द्ण्ठछ" मा युवाक्लब गठनको प्रक्रिया यसप्रकार उल्लेख गरिएको छ ।

युवा क्लब" भन्नाले स्थानीय तहको प्रत्येक वडामा गठन भएको १६(२४ वर्ष उमेर समूहका युवा सदस्यहरु रहेका यसै कार्यविधि बमोजिम गठित युवा क्लबलाई सम्झनुपर्छ ।

## युवा क्लबको गठन

१) स्थानीय तहको प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासदस्यको संरक्षकत्वमा युवाक्लब गठन हुनेछ ।

२) उपदफा (१) बमोजिम गठन हुने युवाक्लबमा सम्बन्धित वडा भित्रका १६ देखि २४ वर्ष उमेर समूहका सम्पूर्ण युवाहरु युवाक्लबका साधारण सदस्य हुन सक्नेछन् । यसका लागि सम्बन्धित वडासमितिले तोकेको समयभित्र उक्त उमेर समूहका युवाले सदस्यताका लागि सम्बन्धित वडासमितिको सचिवालयमा उमेर र ठेगाना खुलेको प्रमाण सहित दर्ता गर्नुपर्नेछ। युवाक्लबका साधारण सदस्य चौविस बर्ष उमेर पुरा भएपछि उक्त युवाक्लबको सदस्य रहनेछैन ।

३) हरेक वडमा गठन हुने वडास्तरीय युवाक्लब कार्यसमितिमा देहायका युवालाई सदस्यको रुपमा सम्बन्धित वडा समितिले मनोनित गर्नेछ।

क. प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना ।

ख. विशेष प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना

ग. स्थानीय उद्यमी युवाहरु मध्येबाट एकजना

घ. युवा पत्रकारहरु मध्येबाट एकजना

ङ. स्थानीय खेलाडीहरु मध्येबाट एकजना

च. स्थानीय कलाकारहरु मध्येबाट एकजना

छ. स्थानीय सहकारीमा आवद्ध युवाहरु मध्येबाट एकजना

ज. स्थानीय समुदायमा आधारित संस्थाहरुको प्रतिनिधि युवा एकजना

झ. वडा भित्रका मेधावी विद्यार्थीहरुमध्येवाट एकजना महिला सहित २ जना

ञ. वडापालिकाले खुला समूहबाट मनोनित गरेका युवा ५ जना

४) युवाक्लबका सदस्यहरुले अध्यक्षैँ उपाध्यक्षैँ सचिव तथा कोषाध्यक्ष आँफूहरु मध्येबाट छनौट गर्नेछन्। उपर्युक्तानुसारको वडाक्लबको कूल सदस्य संख्यामा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ।

५) युवाक्लबका सदस्य चयन गर्नका लागि वडासमितिले यससम्बन्धी थप कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ।

६) युवाक्लबका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ। युवाक्लबका पदाधिकारीको उमेरको कारण पद रिक्त भएमा उक्त व्यक्ति जुन क्षेत्रबाट प्रतिनिधित्व गरेको हो

सोही क्षेत्रबाट मनोनित गर्ने निकायले बाँकी अवधिका लागि मनोनित गरी पदपूर्ति गर्नेछ।

(७) वडास्तरीय युवाक्लबको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा रहनेछ।

## ५.८ गाउँ/नगर पालिका अन्तर्गतका सेवा प्रदायक निकाय र प्रमुख सेवाहरु

### युवा क्लबको काम, कर्तव्य र अधिकार

क) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने

ख) स्थानीय तहसंग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माणमा सहभागी भई युवामैत्री कार्यक्रम निर्माण र कार्यान्वयनमा पैरवी र सहयोग गर्ने।

ग) स्थानीय तहमा सञ्चालन हुने सरसफाइ, वातावरण संरक्षण, बालअधिकार, मानव अधिकार, महिला अधिकार, शैक्षिक कार्यक्रम, सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियता पूर्वक सहभागी भई कार्यक्रम सफल बनाउन सहयोग गर्ने।

घ) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार

कार्यमा वडासमिति गाउँपालिका तथा नगरपालिकासंगको समन्वय  र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

ङ) राष्ट्रिय युवा परिषद र मातहतका निकायहरुमार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षीत कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

च) दिगो विकासका लक्ष्यहरुलाई आ(आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भूमिका खेल्ने ।

छ) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडासमितिको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

ज) राष्ट्रिय युवा परिषद वा प्रदेश युवा परिषद र स्थानीय तहबीच समन्वय र सहकार्य गरी युवालक्षीत कार्यक्रमहरु सञ्चालन गर्ने ।

झ) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुसाशन प्रवर्द्धनमा टेवा पुर्याउने ।

ञ) दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी यसको कार्यान्वयनमा युवा परिचालन गर्ने  ।


**निष्कर्षः** यस सुशासन डायरीमा स्थानीय सुशासनका आधारभुत क्षेत्रहरु (शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, कृषि र पश, युवा परीचालन) संग सम्बन्धित समावेस गरीयका विषयवस्तुले स्थानीय सुशासन पर्वद्धन गर्न महत्वपुर्ण भुमीका खेल्ने नागरीक समुदाय, सामाजीक कार्यकर्ता, राजनीती कर्मी, जन प्रतिनिधी, कर्मचारी पत्रकार लगाएत सम्पुर्ण सरोकारवालाहरुलाई सहयोग गर्ने अपेक्षा सहित तयार पारिएको छ।

# सहकर्मी समाज

२०५५ सालमा स्थापना भएको यस संस्थाले मानिसहरुको दिगो परिवर्तन उनीहरु आफैबाट मात्र सम्भव छ र यसका लागि उपयुक्त वातावरणको खाँचो पर्दछ भन्ने मान्यताबाट प्रभावित कार्यक्रमहरु संचालन गर्दछ । सहकर्मी समाजले उपेक्षित तथा सीमान्तिकृत मानिसहरुको आलोचनात्मक चेतना विकास तथा संस्थागत विकासका लागि एउटा विशेष किसिमको कार्यप्रक्रिया निर्धारण गरेको छ ।

सहकर्मी समाजको कार्यप्रक्रिया अनुसार उपेक्षित तथा सीमान्तिकृत समुदायको सशक्तिकरणका लागि कार्यक्रम संचालन गरिएको गाविसमा विद्यमान समुदायको पहिचान गरी तिनै समुदायका आधारमा मानिसहरुलाई सामुदायिक समूहमा संगठित हुन मद्दत दिईन्छ । आफ्ना समस्याहरुको पहिचान, विश्लेषण गर्ने, कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने क्रममा सामुदायिक समूहहरु सशक्त हुँदै जान्छन् र निश्चित समय पश्चात गाविसस्तरमा सम्पूर्ण सामुदायिक समूहको प्रतिनिधित्व गर्ने गरी सामुदायिक समूहहरुको कार्यसंजाल स्वरुप मूलसमिति तयार हुन्छ भने पायक पर्ने गाविसका मूलसमितिहरु मिलेर समुदायमा आधारित कार्यसंजाल संस्थाहरुको निर्माण हुन्छ । सहकर्मी समाजले त्यस किसिमका कार्यसंजाल संस्थाहरुको संस्थागत विकासका लागि पनि समर्थन पुर्‍याउने गर्दछ ।

हाल संस्थाले कर्णाली प्रदेशका सुर्खेत जाजरकोट, कालिकोट र सल्यान, ५ नं. प्रदेशका वाँके, दाङ्ग र वर्दिया र सुदूर पश्चिम प्रदेशका कैलाली र कंचनपुर जिल्लामा कार्यरत रहेको छ ।


सुशासन
सहभागितामूलक
कानूनी शासन
सहमतिमा आधारित
समता तथा समावेशीता
पारदर्शिता
उत्तरदायित्व
जवाफदेहिता
प्रभावकारिता र दक्षता
सूचना तथा संचार प्रविधि